# स्थानीय तह निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४

आयोगबाट स्वीकृत मिति

२०७४।१।१३

**प्रस्तावना** : स्थानीय तहको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउन निर्वाचन आयोगले बनाएको निर्वाचन आचार संहिता कार्यान्वयन गर्न निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ र निर्वाचन आचार संहिता, २०७२ बमोजिम निर्वाचन आचार संहिता अनुगमन संयन्त्र निर्माण गर्ने एवं निर्वाचन आचार संहिताको कार्यान्वयन तथा अनुगमन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "स्थानीय तह निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो निर्देशिका आयोगले तोकेको अवधिसम्म लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अनुगमनकर्ता" भन्नाले दफा ११ बमोजिम नियुक्त निर्वाचन आचार संहिता अनुगमनकर्ता सम्झनु पर्छ ।

(ख) "अनुगमन टोली" भन्नाले निर्वाचन आचार संहिताको पालनाको विषयमा अनुगमन गर्न दफा ६ बमोजिम गठन गरिएको अनुगमन टोली सम्झनु पर्छ ।

(ग) "आचार संहिता" भन्नाले निर्वाचन आचार संहिता, २०७२ सम्झनु पर्छ र सो शब्दले स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ लाई समेत जनाउँछ ।

(घ) “आयोग” भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ङ) “कर्मचारी” भन्नाले निर्वाचनको काममा खटिएको नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाको कर्मचारी, विश्वविद्यालय वा सामुदायिक विद्यालयको शिक्षक वा कर्मचारी सम्झनु पर्छ र सो शब्दले निर्वाचनको काममा खटिएको सुरक्षाकर्मीलाई समेत जनाउँछ ।

(च) “केन्द्रीय अनुगमन समिति” भन्नाले दफा ४ बमोजिमको केन्द्रीय निर्वाचन आचार संहिता अनुगमन समिति सम्झनु पर्छ ।

(छ) “घुम्ती अनुगमन टोली” भन्नाले जिल्ला अनुगमन समितिले परिचालन गरेको दफा १० बमोजिमको घुम्ती अनुगमन टोली सम्झनु पर्छ ।

(ज) “जिल्ला अनुगमन समिति” भन्नाले दफा ८ बमोजिमको जिल्ला निर्वाचन आचार संहिता अनुगमन समिति सम्झनु पर्छ ।

(झ) “दृष्य छायाँकार” भन्नाले दफा १३ बमोजिम दृष्य छायाङ्कनको लागि परिचालन गरिएको दृष्य छाँयाकार सम्झनु पर्छ ।

(ञ) “निर्वाचन” भन्नाले स्थानीय तहको निर्वाचन सम्झनु पर्छ र सो शब्दले उपनिर्वाचनलाई समेत जनाउँछ ।

(ट) “निर्वाचन अधिकारी” भन्नाले जिल्ला निर्वाचन कार्यालय वा क्षेत्रीय निर्वाचन कार्यालयको प्रमुखको रुपमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

(ठ) “निर्वाचन अधिकृत” भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७ बमोजिम नियुक्त मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(ड) “मतदाता” भन्नाले स्थानीय तह निर्वाचनको लागि मतदाता नामावली सम्बन्धी ऐन, २०७३ को दफा ३ को खण्ड (घ), (ङ), (च), (छ) र (ज)

बमोजिम अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ ।

(ढ) "सूक्ष्म अनुगमनकर्ता" भन्नाले आचार संहिता पालनाको सम्बन्धमा अनुगमन गर्न दफा १२ बमोजिम खटाइएको सूक्ष्म अनुगमनकर्ता सम्झनु पर्छ ।

## परिच्छेद-२

## अनुगमन सम्बन्धी संस्थागत व्यवस्था

४. **केन्द्रीय निर्वाचन आचार संहिता अनुगमन समिति** : (१) आचार संहिता अनुगमनको लागि आयोगमा देहाय बमोजिमको केन्द्रीय निर्वाचन आचार संहिता अनुगमन समिति रहनेछ :-

(क) माननीय निर्वाचन आयुक्त (आचार संहिता हेर्ने) – संयोजक

(ख) सचिव, निर्वाचन आयोग – सदस्य

(ग) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय – सदस्य

(घ) सचिव (कानून), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य

(ङ) सचिव, गृह मन्त्रालय – सदस्य

(च) सचिव, सूचना तथा सञ्चार मन्त्रालय – सदस्य

(छ) नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय – सदस्य

(ज) सहसचिव (कानून), निर्वाचन आयोग – सदस्य-सचिव

(२) केन्द्रीय अनुगमन समितिले आचार संहिता अनुगमन कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउनको लागि आयोगमा देहाय बमोजिमको निर्वाचन आचार संहिता अनुगमन उपसमिति गठन गर्नेछ :-

(क) सहसचिव, कानून तथा राजनीतिक दल सम्बन्ध महाशाखा - संयोजक

(ख) उपन्यायाधिवक्ता, राजनीतिक दल सम्बन्ध शाखा - सदस्य

(ग) उपसचिव, कानून शाखा - सदस्य

(घ) कानून अधिकृत, कानून शाखा - सदस्य

(ङ) शाखा अधिकृत, कानून शाखा - सदस्य

(च) कानून अधिकृत (सरकारी वकील), राजनीतिक दल सम्बन्ध

शाखा - सदस्य-सचिव

(३) केन्द्रीय अनुगमन समितिले आवश्यकता अनुसार अन्य विषयगत उपसमिति समेत गठन गर्न सक्नेछ ।

(४) केन्द्रीय अनुगमन समिति तथा उपदफा (२) वा (३) बमोजिमको उपसमितिमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ, कर्मचारी वा व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) केन्द्रीय अनुगमन समिति तथा उपदफा (२) वा (३) बमोजिमको उपसमितिको निर्णय सम्बन्धित समिति तथा उपसमितिको संयोजकले प्रमाणित गर्नेछ ।

(६) केन्द्रीय अनुगमन समिति तथा उपदफा (२) वा (३) बमोजिमको उपसमितिको बैठक सम्बन्धी अन्य कार्यविधि सम्बन्धित समिति तथा उपसमिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **केन्द्रीय अनुगमन समिति तथा उपसमितिको काम, कर्तव्य र अधिकार** : (१) केन्द्रीय अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आचार संहिता पालना गराउनका लागि आवश्यकता अनुसार अनुगमन टोली गठन र परिचालन गर्न आयोग समक्ष सिफारिस गर्ने,

(ख) अनुगमन टोली, अनुगमनकर्ता, सूक्ष्म अनुगमनकर्ता मार्फत प्राप्त अनुगमन सम्बन्धी सूचना तथा प्रतिवेदन विश्लेषण गरी तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) आचार संहिता उल्लङ्घन सम्बन्धी उजुरी लिने, स्पष्टीकरण माग गर्ने, कारबाही गर्ने र आचार संहिता उल्लङ्घन सम्बन्धी कार्य तत्कालै रोक्ने आदेश दिने,

(घ) आचार संहिता पालना सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया गर्ने,

(ङ) अनुगमनमा खटिने व्यक्तिको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

(च) आचार संहिता उल्लङ्घनको विषयमा आयोगले दिएको आदेश पालना नगर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आवश्यक कारबाही गर्न आयोग समक्ष पेश गर्ने,

(छ) राजनीतिक दल वा उम्मेदवारले आयोगले तोकेको हदभन्दा बढी खर्च गरेको पाइएमा त्यस्तो राजनीतिक दल वा उम्मेदवारलाई आवश्यक कारबाहीको लागि आयोग समक्ष पेश गर्ने,

(ज) निर्वाचनको काममा खटाईएका कर्मचारी वा सुरक्षाकर्मीले निर्वाचन सम्बन्धी कामको सिलसिलामा प्रचलित कानून, आयोगबाट जारी भएका आदेश, निर्देशन तथा आचार संहिताको उल्लङ्घन हुने गरी वा बदनियतपूर्वक कुनै काम गरेमा आवश्यक कारबाहीको लागि आयोग समक्ष पेश गर्ने,

(झ) आचार संहिता कार्यान्वयन तथा अनुगमनको लागि आवश्यक जनशक्ति र उपकरण परिचालन गर्न आयोग समक्ष सिफारिस गर्ने,

(ञ) आयोगले तोकेको अन्य कार्य गर्ने ।

(२) दफा ४ को उपदफा (३) बमोजिमको निर्वाचन आचार संहिता अनुगमन उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आचार संहिता उल्लङ्घन सम्बन्धी उजुरी लिने,

(ख) खण्ड (क) बमोजिम प्राप्त उजुरीसम्बन्धी विवरण तयार गरी केन्द्रीय अनुगमन समितिमा पेश गर्ने,

(ग) आचार संहिता कार्यान्वयन र अनुगमनको कार्यमा केन्द्रीय अनुगमन समितिलाई सहयोग गर्ने,

(घ) जिल्ला अनुगमन समितिसँग नियमित सम्पर्कमा रही कार्य गर्ने,

(ङ) अनुगमनकर्तासँग नियमित रुपमा विवरण लिने,

(च) आचार संहिता सम्बन्धी अभिलेख राख्ने,

(छ) अनुगमन टोली, अनुगमनकर्ता र सूक्ष्म अनुगमनकर्ताको रुपमा खटाइने कर्मचारी तथा व्यक्तिहरूको अभिलेख (रोष्टर) तयार गरी आयोग समक्ष पेश गर्ने,

(ज) केन्द्रीय अनुगमन समितिले तोकेको अन्य कार्य गर्ने ।

६. **अनुगमन टोली** : (१) निर्वाचनको अवधिमा आचार संहिताको समग्र अनुगमन गरी आवश्यक कारबाही गर्न केन्द्रीय अनुगमन समितिको सिफारिसमा आयोगले आवश्यकता अनुसार नेपाल सरकारका वरिष्ठ अधिकृत कर्मचारी, निर्वाचन सम्बन्धी अनुभव प्राप्त विज्ञ वा कर्मचारीको संयोजकत्वमा एक वा एकभन्दा बढी सदस्य रहेको अनुगमन टोली गठन तथा परिचालन गर्न सक्नेछ ।

(२) अनुगमन टोली आयोग तथा केन्द्रीय अनुगमन समितिप्रति उत्तरदायी रहनेछ ।

७. **अनुगमन टोलीको काम, कर्तव्य, अधिकार :** अनुगमन टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आचार संहिता उल्लङ्घनको कार्य तत्काल रोक्ने, रोक्न लगाउने,

(ख) अनुगमनकर्तालाई खटाईएको अनुगमन क्षेत्रभित्र निर्वाचन आचार संहिताको पालना भए नभएको अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ग) आचार संहिता पालना गर्न गराउन निर्वाचन अधिकृत वा निर्वाचन अधिकारीलाई आवश्यक सहयोग पुऱ्याउने,

(घ) निर्वाचन अधिकृत र जिल्ला अनुगमन समितिको सम्पर्क र समन्वयमा रही काम गर्ने,

(छ) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि तथा अन्य कुनै व्यक्तिले तथा आचार संहिता विपरीत प्रयोग गरेको सवारी साधन तत्काल कब्जामा लिने,

(ज) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ तथा आचार संहिता विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको अवस्थामा

तत्काल हटाउने वा हटाउन लगाउने र त्यस्तो स्थानलाई दुरुस्त बनाई राख्न आदेश दिने,

(झ) केन्द्रीय अनुगमन समितिमा नियमित रुपमा अनुगमन प्रतिवेदन पठाउने,

(ञ) आयोग र समितिले निर्देशन दिए बमोजिमका अन्य काम गर्ने ।

८. **जिल्ला निर्वाचन आचार संहिता अनुगमन समिति** : (१) निर्वाचन आचार संहिता अनुगमनको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला निर्वाचन आचार संहिता अनुगमन समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | मुख्य निर्वाचन अधिकृत | -संयोजक |
| (ख) | प्रमुख जिल्ला अधिकारी | -सदस्य |
| (ग) | निर्वाचन अधिकृतहरु | -सदस्य |
| (घ) | जिल्ला प्रहरी कार्यालय प्रमुख | -सदस्य |
| (ङ) | अनुगमनकर्ता | -सदस्य |
| (च) | निर्वाचन अधिकारी | -सदस्य-सचिव |

(२) जिल्ला अनुगमन समितिको बैठकमा आवश्यकता अनुसार जिल्लास्थित सुरक्षा निकायका प्रमुख, नागरिक समाजका प्रतिनिधि र पत्रकार महासंघका अध्यक्षलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) जिल्ला अनुगमन समितिको बैठकमा सहभागी सदस्य तथा आमन्त्रित सदस्यले एक हप्तामा बढीमा तीन वटा बैठक बापत नेपाल सरकार, अर्थ मन्त्रालयले स्वीकृत गरेको खर्चको मापदण्ड बमोजिमको बैठक भत्ता तथा सुविधा पाउनेछन् ।

(४) जिल्ला अनुगमन समितिको निर्णय सो समितिको संयोजकले प्रमाणित गर्नेछ ।

(५) जिल्ला अनुगमन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **जिल्ला अनुगमन समितिको काम, कर्तव्य र अधिकार** : जिल्ला अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अनुगमनकर्ता तथा घुम्ती अनुगमन टोलीबाट आचार संहिता अनुगमन सम्बन्धी विवरण नियमित रुपमा लिने,

(ख) अनुगमनकर्ता एवं घुम्ती अनुगमन टोलीको प्रतिवेदन तथा अन्य माध्यमबाट कसैले आचार संहिता उल्लङ्घन गरेको जानकारी प्राप्त भएमा आचार संहिता पालनाको लागि सम्बन्धित निकाय, पदाधिकारी, व्यक्ति, राजनीतिक दल, उम्मेदवार, आमसञ्चारका माध्यम, गैरसरकारी संस्था, पर्यवेक्षक तथा अन्य व्यक्तिलाई आचार संहिता पालनाको लागि आवश्यक निर्देशन दिने,

(ग) कसैले आचार संहिता उल्लङ्घन गरेमा आवश्यक कारबाहीको लागि आयोग समक्ष लेखी पठाउने,

(घ) केन्द्रीय अनुगमन समितिको सम्पर्क र समन्वयमा रही काम गर्ने,

(ङ) आचार संहिता उल्लङ्घन सम्बन्धी उजुरी लिने र त्यस्तो उजुरीको विषयमा आवश्यक छानबिन गरी आफैंले समाधान गर्ने सक्ने विषयमा आफैँले समाधान गर्ने र आफूले समाधान गर्न नसक्ने विषयमा आयोग समक्ष पेश गर्ने,

(च) आवश्यकता अनुसार उम्मेदवारको निर्वाचन खाताको विवरण सङ्कलन गर्ने ।

१०. **घुम्ती अनुगमन टोली :** (१) निर्वाचनको अवधिमा आचार संहिता अनुगमनको लागि जिल्ला अनुगमन समितिले मनोनयनपत्र दर्ता हुने मितिदेखि मतदानको लागि तोकिएको मितिसम्मको लागि एउटा टोलीमा बढीमा दुई जना सदस्य रहने गरी घुम्ती अनुगमन टोली गठन गरी परिचालन गर्न सक्नेछ । यसरी घुम्ती अनुगमन टोली परिचालन गर्दा जिल्लास्थित सरकारी कर्मचारीलाई खटाउनु पर्नेछ ।

(२) घुम्ती अनुगमन टोली परिचालन गर्दा एक पटकमा देहाय बमोजिम बढीमा तीन वटा टोली परिचालन गर्न सकिनेछ :-

(क) पाँचभन्दा कम स्थानीय तह भएको जिल्लामा एउटा,

(ख) छ देखि दशसम्म स्थानीय तह भएको जिल्लामा दुईवटा,

(ग) दश भन्दा बढी स्थानीय तह भएको जिल्लामा तीनवटा ।

(३) घुम्ती अनुगमन टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) आचार संहिता उल्लङ्घन भएको शंका भएमा स्थानीय प्रहरीको सहयोगमा आवश्यक छानबिन गर्ने,

(ख) आचार संहिता उल्लङ्घनको कार्य तत्काल रोक्ने वा रोक्न लगाउने,

(ग) कसैले आचार संहिता उल्लङ्घन गरेको देखिएमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारीलाई अविलम्ब जानकारी गराउने,

(घ) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि तथा अन्य कुनै व्यक्तिले निर्वाचन सम्बन्धी प्रचलित कानून तथा आचार संहिता विपरीत प्रयोग गरेको सवारी साधन तत्काल कब्जामा लिई आवश्यक कारबाहीको लागि निर्वाचन अधिकृत समक्ष पेश गर्ने,

(ङ) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन सम्बन्धी प्रचलित कानून र आचार संहिता विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको अवस्थामा तत्काल हटाउने वा हटाउन लगाउने र त्यस्तो स्थानलाई दुरुस्त बनाई राख्न आदेश दिने,

(च) आचार संहिता पालनाको विषयमा भएको अनुगमनको नियमित विवरण जिल्ला अनुगमन समिति समक्ष पेश गर्ने ।

## परिच्छेद-३

## निर्वाचन आचार संहिता अनुगमनकर्ता

११. **निर्वाचन आचार संहिता अनुगमनकर्ता :** (१) आचार संहिता अनुगमनको लागि केन्द्रीय अनुगमन समितिको सिफारिसमा आयोगले प्रत्येक जिल्लामा एकजना निर्वाचन आचार संहिता अनुगमनकर्ता नियुक्त गर्नेछ । यसरी अनुगमनकर्ता नियुक्त गर्दा सामान्यतयाः सोही जिल्लामा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई नियुक्त गर्नु पर्नेछ ।

(२) अनुगमनकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफूलाई खटाइएको जिल्ला भित्र भ्रमण गरी आचार संहिताको पालनाको विषयमा नियमित रुपमा अनुगमन गर्ने,

(ख) आचार संहिता उल्लङ्घन सम्बन्धी कार्य तत्काल रोक्ने वा रोक्न लगाउने,

(ग) खण्ड (क) बमोजिम गरिएको अनुगमन सम्बन्धमा जिल्ला अनुगमन समितिमा नियमित रुपमा विवरण पेश गर्ने,

(घ) आचार संहिता उल्लङ्घन गर्नेलाई आवश्यक कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने,

(ङ) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि तथा अन्य कुनै व्यक्तिले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ तथा आचार संहिता विपरीत प्रयोग गरेको सवारी साधन तत्काल कब्जामा लिने,

(च) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ तथा आचार संहिता विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको अवस्थामा तत्काल हटाउने वा हटाउन लगाउने र त्यस्तो स्थानलाई दुरुस्त बनाई राख्न आदेश दिने ।

१२. **सूक्ष्म अनुगमनकर्ता** : (१) आचार संहिता कार्यान्वयनको विषयमा सूक्ष्म रुपमा अनुगमन गर्न केन्द्रीय अनुगमन समितिको सिफारिसमा आयोगले कुनै कर्मचारी वा सेवा निवृत्त कर्मचारीलाई सूक्ष्म अनुगमनकर्ताको रुपमा खटाउन सक्नेछ :-

(२) सूक्ष्म अनुगमनकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) आचार संहिता पालना भए, नभएको सम्बन्धमा अनुगमन गरी दफा ४ को उपदफा (३) बमोजिमको निर्वाचन अनुगमन उपसमिति समक्ष दैनिक रुपमा विवरण पेश गर्ने,

(ख) आचार संहिता उल्लङ्घन भएको आशंका भएमा निर्वाचन कार्यालय तथा स्थानीय प्रहरीको समन्वय तथा सहयोगमा आवश्यक छानबिन गर्ने,

(ग) कसैले आचार संहिता उल्लङ्घन गरेमा पाएमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने,

(घ) निर्वाचन अधिकृत, अनुगमनकर्ता, अनुगमन टोली, घुम्ती अनुगमन टोली, मतदान अधिकृत तथा अन्य सम्बन्धित अधिकारी तथा निकायले आचार संहिता कार्यान्वयनको लागि निर्वाह गरेको भूमिकाको विषयमा केन्द्रीय अनुगमन समितिलाई प्रतिवेदन दिने ।

## परिच्छेद-४

## विविध

१३. **दृष्य छायाङ्कन** : (१) केन्द्रीय अनुगमन समितिले आचार संहिता उल्लङ्घनका घटनासँग सम्बन्धित दृष्यको छायाङ्कन गर्न आवश्यकता अनुसार भिडियो क्यामेरा सहितको छाँयाकार परिचालन गर्न सक्नेछ ।

(२) आचार संहिता उल्लङ्घन सम्बन्धी उजुरीको छानबिन गर्दा उपदफा (१) बमोजिमको दृष्य छायाङ्कनलाई प्रमाणको रुपमा लिन सकिनेछ ।

(३) दृष्य छाँयाकारको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) अनुगमन टोली तथा अनुगमनकर्तासँग समन्वय गरी काम गर्ने,

(ख) निर्वाचन सम्बन्धी गतिविधिको छायाङ्कन गर्ने,

(ग) छायाङ्कन गरिएका दृष्यको आधारमा आचार संहिता उल्लङ्घन भएको देखिएमा तुरुन्तै सम्बन्धित निकाय, अधिकारी वा अनुगमनकर्तालाई जानकारी गराउने ।

१४. **सी.सी.क्यामरा जडान गर्न सक्ने :** (१) निर्वाचनको स्वच्छता र स्वतन्त्रताको लागि आयोगले आवश्यक स्थानमा सी.सी. क्यामरा जडान गर्न सक्नेछ ।

(२) उपदफा (१) को उद्देश्य प्राप्तीका लागि आयोगले अन्य नवीनतम् प्रविधिको प्रयोग गर्न सक्नेछ ।

१५. **महिला हिंसा सम्बन्धी विषयलाई प्राथमिकता दिने** : यस निर्देशिका बमोजिम अनुगमन गर्दा महिला उम्मेदवार, महिला मतदाता तथा निर्वाचन सम्बन्धी कार्यमा संलग्न महिलाप्रति हिंसाजन्य कार्य हुन नदिने तथा त्यस्ता कार्य गर्नेलाई कारबाही गर्ने विषयलाई प्राथमिकता दिनु पर्नेछ ।

१६. **सम्पर्क केन्द्र :** आचार संहिता उल्लङ्घन सम्बन्धी सूचना र आयोगमा दिनु पर्ने अन्य सूचना सङ्कलन गर्न र आयोगबाट प्रवाह गर्नु पर्ने सूचना सम्प्रेषण गर्न आयोगले अधिकृत कर्मचारीको नेतृत्वमा टोल फ्री नम्बर सहितको सम्पर्क केन्द्र (कल सेन्टर) सञ्चालन गर्न सक्नेछ ।

१७. **सेवा सुविधा :** (१) अनुगमन टोली, सूक्ष्म अनुगमनकर्ता तथा घुम्ती अनुगमन टोलीले पाउने सुविधा अनुसूची-१ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) केन्द्रीय अनुगमन समिति, दफा ४ को उपदफा (२) वा (३) बमोजिम गठन भएका उपसमितिको बैठकमा सहभागी हुने पदाधिकारी, सदस्य तथा आमन्त्रित सदस्यले बैठक भत्ता

वापत आयोगले गठन गरेको समानस्तरका अन्य समिति वा उपसमितिले पाए सरहको बैठक भत्ता उपलब्ध गराइनेछ ।

(३) अनुगमनकर्ता र दृष्य छायाँकारले निर्वाचन कार्यालयका राजपत्राङ्कित तृतीय श्रेणीका कर्मचारीले पाए सरहको सेवा सुविधा पाउनेछन् ।

१८. **अनुगमनमा खटिने कर्मचारीको अभिलेख (रोष्टर) कायम गर्न सक्ने** : (१) आयोगले अनुगमन टोली, अनुगमनकर्ता र सूक्ष्म अनुगमनकर्ताको रुपमा खटिने कर्मचारीहरूको अभिलेख (रोष्टर) कायम गरी राख्न सक्नेछ ।

(२) अनुगमन सम्बन्धी काममा आयोगको सचिवालयको अतिरिक्त थप जनशक्ति परिचालन गर्नु पर्दा उपदफा (१) बमोजिम कायम भएको अभिलेख (रोष्टर) मा रहेका कर्मचारीलाई प्राथमिकता दिइनेछ ।

१९. **बीमा सम्बन्धी व्यवस्था** : अनुगमन टोलीमा खटिने कर्मचारी, अनुगमनकर्ता, सूक्ष्म अनुगमनकर्ता तथा दृष्य छाँयाकारको लागि निज त्यस्तो कार्यमा खटिएको दिनदेखि तोकिएको जिम्मेवारी सम्पन्न गरी सोको अन्तिम प्रतिवेदन पेश गर्नु पर्ने दिनसम्मको लागि निर्वाचन कार्यमा खटिने समानस्तरका कर्मचारीलाई उपलब्ध गराए सरहको बीमा सुविधा उपलब्ध गराइनेछ ।

२०. **परिचयपत्र** : (१) अनुगमन टोली तथा घुम्ती अनुगमन टोलीमा खटिने कर्मचारी, अनुगमनकर्ता, सूक्ष्म अनुगमनकर्ता र दृष्य छायाँकारलाई अनुसूची-२ बमोजिमको परिचयपत्र उपलब्ध गराइनेछ ।

(२) अनुगमन टोली तथा घुम्ती अनुगमन टोलीमा खटिने कर्मचारी, अनुगमनकर्ता, सूक्ष्म अनुगमनकर्ता तथा दृष्य छायाँकारले उपदफा (१) बमोजिमको परिचयपत्र आफ्नो साथमा राख्नु पर्नेछ ।

२१. **अनुगमनकर्ताको उत्तरदायित्व** : (१) अनुगमन टोली, अनुगमनकर्ता, सूक्ष्म अनुगमनकर्ता तथा दृष्य छायाँकार व्यक्तिगत तथा सामूहिक रूपमा आयोगप्रति उत्तरदायी हुनेछन् ।

(२) अनुगमन टोली, अनुगमनकर्ता, सूक्ष्म अनुगमनकर्ता तथा दृष्य छाँयाकारले आफू खटिएको जिल्लाका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूसँग प्रत्यक्ष सम्पर्क र समन्वयमा रही तथा आवश्यक सहयोग लिई कार्य सम्पादन गर्नु पर्नेछ ।

२२. **आचार संहिता उल्लङ्घन सम्बन्धी उजुरी दिन सक्ने** : आचार संहिता उल्लङ्घन गरेको विषयमा उजुरी दिन चाहने व्यक्तिले सम्बन्धित मतदान अधिकृत, निर्वाचन अधिकृत, अनुगमनकर्ता वा आयोग समक्ष त्यस्तो उजुरी दिनुपर्ने कारण र सो सम्बन्धी कुनै प्रमाण भए सो समेत संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा उजुरी दिन सक्नेछ ।

२३. **निर्वाचन अनुगमन सम्बन्धी अन्य कार्य समेत लगाउन सक्ने** : (१) आयोगले यस निर्देशिका बमोजिम खटाउने अनुगमन टोली, अनुगमनकर्ता, सूक्ष्म अनुगमनकर्ता तथा दृष्य छायाँकारलाई स्थानीय तह निर्वाचन अनुगमन निर्देशिका, २०७३ अनुसार निर्वाचन अनुगमन सम्बन्धी कार्य समेत गर्ने गरी खटाउन सक्नेछ।

(२) आयोगले यस निर्देशिका बमोजिम अनुगमन टोली र अनुगमनकर्ता खटाउँदा निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ बमोजिम अनुगमनकर्तालाई प्राप्त अधिकारको समेत प्रयोग गर्न सक्ने गरी खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको अधिकार प्रयोग गर्ने गरी खटिएको अनुगमन टोली वा अनुगमनकर्ताले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ बमोजिम गरेको कारबाहीको जानकारी केन्द्रीय अनुगमन समितिलाई समेत गराउनु पर्नेछ।

२४. **आयोगको निर्णय बमोजिम हुने** : आचार संहिता अनुगमन सम्बन्धमा यस निर्देशिकामा लेखिएकोमा यसै बमोजिम र अन्य विषयमा आयोगले निर्णय गरे बमोजिम हुनेछ।

२५. **कारबाहीको अभिलेख** : यस निर्देशिका बमोजिम उजुरीका सम्बन्धमा भएका कारबाही वा निर्णयको अभिलेख सम्बन्धित पदाधिकारीले सुरक्षित राख्नु वा राख्न लगाउनु पर्नेछ।

२६. **खारेजी तथा बचाउ** : (१) निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७३ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका बमोजिम भए गरेका काम कारबाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

## **अनुगमन टोली, सूक्ष्म अनुगमनकर्ता तथा घुम्ती अनुगमन टोलीले पाउने सुविधा**

१. **अनुगमन टोलीले पाउने सुविधा :** आयोगले अनुगमन टोलीमा खटिने कर्मचारीलाई देहाय बमोजिमको सुविधा उपलब्ध गराउनेछ :-

(क) **दैनिक तथा भ्रमण भत्ता :** तोकिएको जिल्लाको भ्रमणमा जाँदा आयोगले दैनिक तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउनेछ । यस्तो दैनिक तथा भ्रमण भत्ता चौध दिनभन्दा बढी अवधिको लागि खटिएको अवस्थामा समेत पूरै दरको हिसाबले उपलब्ध गराइनेछ ।

(ख) **निर्वाचन भत्ता :** अनुगमन टोलीमा खटिने कर्मचारीलाई आफू खटिएको दिनदेखि कार्य सम्पन्न गरेको दिनसम्म आफूले खाईपाई आएको मासिक तलबको एकसय एक्काइस प्रतिशतले हुन आउने रकम निर्वाचन भत्ताको रुपमा उपलब्ध गराइनेछ । यस्तो रकममा नियमानुसार पारिश्रमिक कर कट्टा गर्नु पर्नेछ र निर्वाचन भत्तामा दुर्गम स्थान भत्ता तथा अन्य कुनै भत्ता जोड्न पाइने छैन ।

(ग) **स्थानीय भत्ता (खर्च शीर्षक नं. २२२१२)** : अर्थ मन्त्रालयको प.स.व.त. ३५-३-११० (ग) को परिपत्र अनुसार स्थानीय भत्ता पाउने भनी उल्लेख भएका जिल्लामा केन्द्र वा त्यस्तो भत्ता नपाउने अन्य जिल्लाबाट अनुगमन टोलीमा खटिने कर्मचारीलाई सोही परिपत्रमा उल्लेख भए बमोजिम स्थानीय भत्ता उपलब्ध गराइनेछ ।

(घ) **सञ्चार खर्च :** अनुगमन टोलीको प्रमुखलाई मोबाइल फोन रिचार्जको लागि वा टेलिफोन प्रयोगको अनुगमन अवधिभरको लागि एकमुष्ट रु. १,५००।- (एक हजार पाँच सय) उपलब्ध गराइनेछ ।

(ङ) **थप सुविधा :** अनुगमन टोलीमा खटिने कर्मचारीलाई माथि खण्ड (क), (ख), (ग) र (घ) बमोजिम पाउने सुविधाका अतिरिक्त दैनिक भ्रमण भत्तामा प्रतिदिन रु. २,०००।- (दुई हजार) का दरले थप सुविधा उपलब्ध गराइनेछ ।

(च) **सवारी इन्धन र सवारी चालकको व्यवस्था :**

(१) अनुगमन टोलीका प्रमुखले आफू खटिएको जिल्लामा सवारी साधनको प्रयोग गरी स्थलगत अनुगमन भ्रमणमा जाँदा प्रकरण (क) र (ख) मा उल्लेख भए बमोजिमको सुविधा पाउने गरी एकजना हलुका सवारी चालक समेत साथै लान पाउने छ । त्यसरी प्रयोग हुने सवारी साधनको लागि चाहिने इन्धनको लागि लगबुक समेत संलग्न भई आएको बिल भरपाई बमोजिमको रकम उपलब्ध गराईनेछ ।

(२) अनुगमन टोलीमा संलग्न कर्मचारीलाई केन्द्रदेखि खटिएको जिल्ला सदरमुकामसम्म जान आउनको लागि हवाइजहाज प्रयोग गरेको अवस्थामा हवाई टिकट बमोजिमको रकम समेत उपलब्ध गराइनेछ ।

(३) अनुगमन टोली प्रमुखले सवारी साधनको प्रयोग गरेको अवस्थामा अनुगमन टोलीका अन्य सदस्यलाई समेत सोही सवारी साधनमा भ्रमण गराउनु पर्नेछ । यस्तो अवस्थामा अनुगमन टोलीका अन्य सदस्यलाई टिकट खर्च वापतको रकम भुक्तानी दिइने छैन ।

(छ) **मर्मत :** अनुगमन टोलीका प्रमुखलाई सवारी साधन मर्मतको लागि रु. १०,०००।- (दश हजार) मा नबढ्ने गरी बिल बमोजिमको रकम उपलब्ध गराइनेछ ।

(ज) **विविध खर्च :** अनुगमन टोलीको प्रमुखले खर्च गर्ने गरी अतिथि सत्कार तथा भैपरी आउने खर्चको लागि प्रति टोली एकमुष्ट रु. ५,०००।- (पाँच हजार रुपैयाँ) उपलब्ध गराइनेछ ।

२. **सूक्ष्म अनुगमनकर्ताले पाउने सुविधा :** अनुगमन अवधिमा सूक्ष्म अनुगमनकर्तालाई आयोगले देहाय बमोजिमको सुविधा उपलब्ध गराउनेछ :-

(क) खटिएको जिल्ला सदरमुकामसम्म जान र फर्किनको लागि दैनिक तथा भ्रमण भत्ता : आफू कार्यरत कार्यालयबाट खटिएको जिल्ला सदरमुकामसम्म जान र सो सदरमुकामबाट आफ्नो कार्यालयसम्म फर्किनको लागि दैनिक तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिमको दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

(ख) जिल्ला सदरमुकामबाट खटिएको खटिएको स्थानसम्म जान र फर्किनको लागि दैनिक तथा भ्रमण भत्ता : जिल्ला सदरमुकामबाट खटिएको स्थानसम्म जान र खटिएको स्थानबाट जिल्ला सदरमुकामसम्म आउन स्थानीय तह निर्वाचन आर्थिक निर्देशिका, २०७३ बमोजिमको दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

(ग) निर्वाचन भत्ता : सूक्ष्म अनुगमनकर्ताको रुपमा खटिएको दिनदेखि आफ्नो कार्य सम्पन्न गरेको दिनसम्म निर्वाचन भत्ताको रुपमा आफूले खाईपाई आएको मासिक तलबको एक सय एक्काइस प्रतिशतले हुन आउने रकम उपलब्ध गराइनेछ । यसरी पाउने रकममा नियमानुसार पारिश्रमिक कर कट्टा गर्नु पर्नेछ र निर्वाचन भत्तामा दुर्गमस्थान भत्ता तथा अन्य कुनै भत्ता जोड्न पाइनेछैन ।

(घ) सञ्चार खर्च : मोबाइल फोन रिचार्जको लागि वा टेलिफोन प्रयोगको लागि एकमुष्ट रु. १,०००।- (एक हजार रुपैयाँ) उपलब्ध गराइनेछ ।

(ङ) भैपरी खर्च : भैपरी आउने खर्चको लागि एकमुष्ट रु. ५,००० (पाँच हजार रुपैयाँ) उपलब्ध गराइनेछ ।

३. **घुम्ती अनुगमन टोलीले पाउने सुविधा :** घुम्ती अनुगमन टोलीमा खटिने कर्मचारीलाई तेह्र दिनभन्दा बढी नहुने गरी देहाय बमोजिमको सुविधा उपलब्ध गराइनेछ :-

(क) **दैनिक तथा भ्रमण भत्ता :** अनुगमनमा जाँदा दैनिक तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउनेछ ।

(ख) **खाजा तथा खाना खर्च :** घुम्ती अनुगमन टोलीमा खटिने कर्मचारीलाई प्रतिदिन रु. ५,००।- (पाँच सय) का दरले खाजा तथा खाना खर्च उपलब्ध गराइनेछ ।

(ग) **<u>सवारी इन्धन र सवारी चालकको व्यवस्था</u> :**

(१) घुम्ती अनुगमन टोलीका प्रमुखले आफू खटिएको जिल्लामा सवारी साधनको प्रयोग गरी स्थलगत अनुगमन भ्रमणमा जाँदा प्रकरण (क) र (ख) मा उल्लेख भए बमोजिमको सुविधा पाउने गरी एकजना हलुका सवारी चालक समेत साथै लान पाउनेछ । त्यसरी प्रयोग हुने सवारी साधनको लागि लगबुक समेत संलग्न भई आएको बिल भरपाई बमोजिम प्रतिदिन बढीमा रु.२,०००।-(दुई हजार) का दरले इन्धन खर्च उपलब्ध गराईनेछ ।

(२) घुम्ती अनुगमन टोली प्रमुखले सवारी साधनको प्रयोग गरेको अवस्थामा सो टोलीको सदस्यलाई समेत सोही सवारी साधनमा भ्रमण गराउनु पर्नेछ ।

(घ) **<u>मर्मत</u> :** घुम्ती अनुगमन टोलीको लागि प्रयोग हुने सवारी साधन मर्मतको लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई एकमुष्ट रु. १५,०००।- (पन्ध्र हजार) उपलब्ध गराइनेछ ।

(ङ) **<u>सञ्चार खर्च</u> :** घुम्ती अनुगमन टोलीको प्रमुखलाई मोबाइल फोन रिचार्जको लागि वा टेलिफोन प्रयोगको लागि रकम उपलब्ध गराउने प्रयोजनको लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई एकमुष्ट रु. १,५००।- (एक हजार पाँच सय) उपलब्ध गराइनेछ ।

अनुसूची-२
(दफा २० को उपदफा (१) सँग सम्बन्धित)

निर्वाचन आयोग

....................

अनुगमन टोली/घुम्ती अनुगमन टोली प्रमुख/सदस्य/अनुगमनकर्ता/सूक्ष्म अनुगमनकर्ता/दृष्य छायाँकार

**परिचयपत्र**

नाम, थर :
अनुगमन/दृष्य छायाङ्कनको क्षेत्र :
परिचयपत्र बहाल रहने अवधि :
परिचयपत्र पाउने व्यक्तिको दस्तखत :
निर्वाचन आयोगको आधिकारिक व्यक्तिको,-
दस्तखत :
नाम, थर :
दर्जा :

परिचयपत्र
बाहकको
मृखाकृति देखिने
फोटो

अनुसूची-३
(दफा २२ को उपदफा (१) सँग सम्बन्धित)

## <u>उजुरीको ढाँचा</u>

श्री निर्वाचन आयोग/निर्वाचन अधिकृत/
मतदान अधिकृत /अनुगमनकर्ता/............,
.............................. ।

विषय : <u>आचार संहिता उल्लङ्घन सम्बन्धी उजुरी</u>

मिति ...................... मा हुने स्थानीय तहको निर्वाचनको सन्दर्भमा निर्वाचन आचार संहिताको उल्लङघन भएकोले सो कार्य रोकी उल्लङ्घनकर्तालाई कानून बमोजिम कारबाहीको लागि यो उजुरी दिएको छु ।

१. आचार संहिता उल्लङ्घनकर्ताको नाम :-
२. ठेगाना/संलग्न संस्था/निकाय :-
३. आचार संहिता उल्लङघनको संक्षिप्त व्यहोरा :-...................................................................
...................................................................................................................
४. संलग्न प्रमाण :-..............................................................................................
...................................................................................................................

**<u>उजुरीकर्ता :</u>**
उजुरीकर्ताको दस्तखत :
नाम, थर :
सम्पर्क ठेगाना :
सम्पर्क फोन नं./मोबाईल नं.:
मिति :

<u>द्रष्टव्य</u> : (१) उजुरीकर्ताले निजको परिचय गोप्य राख्न अनुरोध गरेमा निजको परिचय गोप्य राख्नु पर्नेछ ।
(२) उजुरी मौखिक रुपमा वा कुनै सञ्चारको साधनबाट समेत दिन सकिनेछ ।